# लिखुपिके राजपत्र

लिखुपिके गाउँपालिकाद्वारा प्रकाशित

भाग -१

## सूचना

## अपाङ्गता तथा अशक्तहरुको व्यवस्थापन तथा परिचय-पत्र वितरण सम्बन्धि ऐन, २०७७

(पहिलो संशोधन,२०७९/१०/९)
(दोस्रो संशोधन,२०८०/३/३१)

प्रमाणिकरण मिति:२०८०/३/३१

प्रस्तावना: अपाङ्गता तथा अशक्तता भएका व्यक्तिहरुको सम्बन्धमा उचित सम्मान, सम्बोधन र व्यवस्थापन गर्न तथा तिनीहरुको परिचय-पत्र वितरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकाले नेपालको संविधानको अनुसूची -८ को सूची नं. १६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२)(त) ले प्रदत्त अधिकारको कार्यान्वयन गर्न नेपालको संविधानका धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम लिखुपिके गाँउपालिकाको गाँउसभाले यो ऐन बनाएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम "अपाङ्गता तथा अशक्तहरुको व्यवस्थापन तथा परिचय-पत्र वितरण सम्बन्धि ऐन, २०७७" रहेको छ।

(२) यो ऐन लिखुपिके गाँउपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन ,२०७४ तथा "अपाङ्गता तथा अशक्तहरुको व्यवस्थापन तथा परिचय-पत्र वितरण सम्बन्धि ऐन, २०७७" समेतलाई सम्झनुपर्दछ।

(ख) "गाउँपालिका" भन्नाले लिखुपिके गाँउपालिकालाई सम्झनुपर्दछ।

(ग) "वडा कार्यालय" भन्नाले लिखुपिके गाँउपालिकाको वडा कार्यालयहरु समेतलाई सम्झनुपर्दछ।

(घ) "समन्वय समिति" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ बमोजिमको तथा अपाङ्गता तथा अशक्त भएका व्यक्तिको परिचय-पत्र वितरण सम्बन्धि ऐन, २०७७ बमोजिमको गठित स्थानीय समन्वय समितिलाई सम्झनुपर्दछ ।

**परिच्छेद-२**

**मापदण्ड**

**३. परिचय -पत्र वितरणका मापदण्ड देहाय बमोजिम रहेका छन :** अपाङ्गता तथा अशक्तता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनको अनुसूचीमा प्रकृतिका आधारमा अपाङ्गतालाई १० (दश) प्रकारमा वर्गीकरण गरिएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनको अनुसूचीमा उल्लेखित गाम्भीर्यताको आधारमा गरीएको अपाङ्गताको वर्गीकरण गरी देहायका चार समूहका परिचय- पत्र वितरण गरिनेछ :

**(क) पुर्ण अशक्त अपाङ्गता :** तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'क' वर्गको परिचयपत्र उपलब्ध गराईनेछ जुन रातो रंगको पृष्ठभुमिमा जारी गरिनेछ ।

१) व्यक्तिको शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धि प्रणालीहरुमा भएको क्षति र यसले ल्याएको कार्यगत बिचलनको अवस्था असाध्य गम्भीर भई अरुको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्ति ,

२) सामान्य भन्दा सामान्य दैनिक क्रियाकलापहरु पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, तीव्र रुपमा अटिज्म प्रभावित व्यक्ति, पूर्ण रुपमा श्रवणदृष्टिविहिन व्यक्तिहरु ,

३) दुई वा सोभन्दा बढी प्रकृतिका शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति भई सबैजसो दैनिक क्रियाकलापहरु अन्य व्यक्तिकै सहयोगमा गर्नुपर्ने अवस्थाका व्यक्तिहरु,

४) निरन्तर रुपमा सघन हेरचाह( स्याहार सुसार) को आवश्यक परिरहने शारीरिक अपाङ्गता भएका व्यक्ति वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु ।

**ख) अति अशक्त अपाङ्गता :** तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'ख' वर्गको परिचयपत्र उपलब्ध गराईनेछ जुन निलो रंगको पृष्ठभूमिमा जारी गरिनेछ ।

१) शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति वा विचलन भएतापनि निरन्तर वा अधिकांश समय सहयोगी, दोभाषे वा मानव पथप्रदर्शक आदिको सहयोगमा आफ्नो दैनिक क्रियाकलापहरु लगायत हिडडुल र संचार गर्न कठिनाइ हुने व्यक्तिहरु,

२) मष्तिष्क पक्षघात, मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफिलिया , मांशपेशी सम्बन्धी समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरिरको ढाड हात,गोडा,कम्मर आदिले काम गर्न नसकी दैनिक आवागमनको लागी ह्वीलचेयर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरु,

३) दुवै हात कुमदेखि वा पाखुरादेखि मुनि पुरै नचल्ने वा गुमाएका, विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने,कम्मरभन्दा मुनिको भाग गुमाएका वा नचल्ने,दुवै गोडा पूर्ण क्रियाशील नभई बैंसाखीको प्रयोग गर्ने व्यक्तिहरु ,

४) दृष्टिविहिन र पूर्ण दृष्टिविहिनको परिभाषा अर्न्तगत पर्ने व्यक्तिहरु ,

५) संचारका लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रुपमा कान सुन्न नसक्ने (बहिरा), दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने, सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता वा अटिज्म भएका

व्यक्तिहरु, निरन्तर अरुको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरु ।

**(ग) मध्यम अपाङ्गता :** तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'ग' वर्गको परिचयपत्र उपलब्ध गराईनेछ जुन पहेंलो रंगको पृष्ठभूमिमा जारी गरिनेछ ।

१) कृत्रिम अंग, क्यालीपर, विशेष प्रकारका जुत्ता जस्ता सहायक सामाग्रीको प्रयोगबाट सामान्य हिडडुल लगायत दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न सक्ने ,

२) विभिन्न कारणले घुँडामुनिको अंगमा मात्र प्रभाव परेको तर सहायक सामाग्रीको प्रयोग नगरी पनि सामान्य हिडडुल गर्न सक्ने,

३) कुम वा पाखुरा भन्दा मुनी एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने,

४) दुवै हातको हत्केला भन्दा मुनिका कम्तीमा बुढी औंला र चोरी औंला गुमाएका,

५) दुवै गोडाको कुर्कुच्चाभन्दा मुनिका भाग नभएका तर सामान्य हिडडुल गर्न सक्ने,

६) मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको ,

७) सिकाईमा ढिलाइ भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने बौद्धिक अपाङ्गता र अटिज्म भएका व्यक्तिहरु ,

८) श्रवणयन्त्रको प्रयोगबाट ठुलो आवाज मात्र सुन्न सक्ने सुस्तश्रवण व्यक्तिहरु,

९) शल्यकियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नुपर्ने अवस्था भएका व्यक्तिहरु,

१०) ओठ तालु फाटेको कारण बोली अस्पष्ट भएका व्यक्तिहरु,

११) बोल्दा अड्कने,शब्द वा अक्षर दोहोर्‍याउने समस्या तिब्र भएका तिब्र भकभके व्यक्तिहरु,

१२) तीन फिट भन्दा मुनिका होचापुड्का व्यक्तिहरु ,

१३) चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवणदृष्टीविहिन व्यक्तिहरु लेन्स वा म्याग्नीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्युन दृष्टियुक्त व्यक्तिहरु

१४) अनुवंशीय रक्तश्राव(हेमोफेलिया) सम्बन्धी समस्या भई दैनिक हिडडुलमा कठिनाई हुने व्यक्तिहरु ,

१५) मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु ।

**(घ) सामान्य अपाङ्गता :** तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'घ' वर्गको परिचयपत्र उपलब्ध गराईनेछ जुन सेतो रंगको पृष्ठभुमिमा जारी गरिनेछ ।

१) हात वा खुट्टा केही छोटो भएका,एक हातको हत्केला भन्दा मुनि नचल्ने वा गुमाएका, एक हातको हत्केला भन्दा मुनिका कम्तीमा बूढीऔला र चोरी औंला गुमाएका वा दुवै हातको हत्केला मुनिका कम्तीमा बूढीऔला र चोरी औंला भएका व्यक्तिहरु ,

२) ठुलो अक्षर पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु ,

३) दुवै गोडाको सबै औलाका भागहरु नभएका ,

४) श्रवण यन्त्र लगाई ठुलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरु

## परिच्छेद- ३

## परिचय -पत्र ढाँचा र समन्वय समिति

**४. अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्रको ढाँचा देहाय बमोजिम हुनेछ ।**

परिचय -पत्र बाहक व्यक्तिको विवरण स्पष्ट हुनेगरी नागरीकताको प्रमाण-पत्रको ढाँचामा यस ऐनको अनुसुची -२ बमोजिम एकापट्टी नेपाली भाषामा र अर्का पट्टी अंग्रेजी भाषामा लेखिएको माथि दफा ३ मा उल्लेखित मापदण्ड अनुसार एक पृष्ठको परिचय-पत्र गाम्भीर्यताका आधारमा गरिएका चार वर्गका अपाङ्गता भएका व्यक्तिलाई चार फरक रंगमा उपलब्ध गराइनेछ ।

**५. समन्वय समिति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।**

१) अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन ,२०७४ को दफा ४२ अनुसार अपाङ्गता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि यस गाँउपालिकामा देहाय बमोजिमको अपाङ्गता परिचय-पत्र समन्वय समिति रहनेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष -संयोजक

(ख) गाँउ कार्यपालिका महिला सदस्यमध्येबाट गाँउकार्यपालिकाले तोकेको महिला सदस्य -सदस्य

(ग) गाँउपालिका भित्रका माध्यामिक विद्यालयका प्रधानाध्यापक वा श्रोतव्यक्ति मध्येबाट कार्यपालिकाले तोकेको व्यक्ति एक -सदस्य

(घ) कार्यपालिकाले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक - सदस्य

(ङ) अपाङ्गता भएका व्यक्तिको हक,हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघसंस्थाहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको संस्थाको प्रतिनिधी -सदस्य

(च) गाँउपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुमध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सदस्य सहित तीन जना -सदस्य

+(छ)स्थानिय सुरक्षा निकायको प्रमुख-सदस्य

*(ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानिय स्तरमा रहेका सम्बन्धित बिषयक्षेत्र हेर्ने कार्यालय प्रमुख एक-सदस्य

(झ) कार्यपालिकाले तोकेको गाँउपालिकाको कर्मचारी -सदस्य सचिव

२) स्थानीय समन्वय समितिले अपाङ्गता परिचय- पत्र वितरणका लागि सिफारिस गर्ने कामका साथै अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनको दफा ४३ को (च) बमोजिम परिचय पत्र सम्बन्धी कानुनी , संरचनागत तथा अन्य सुधार गर्नुपर्ने विषयमा प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत सम्बन्धित निकायमा लेखि पठाइनेछ । नियमित रुपमा समितिको बैठक बसि परिचय- पत्र जारी गर्न सम्भव नभएको खण्डमा समितिको बैठकमा जानकारी तथा अनुमोदन गर्ने गरी अधिकार प्राप्त अधिकारीले समितिको बैठक अगावै पनि परिचय -पत्र जारी गर्न सक्नेछ ।

**परिच्छेद - ४**

**परिचय - पत्र वितरण**

**६. परिचय -पत्र वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ।**

(क) अपाङ्गता भएका व्यक्तिको स्थायी ठेगाना भएको गाँउपालिकाको वडा कार्यालयमा अपाङ्गता भएका व्यक्ति स्वयं निजका अभिभावक वा संरक्षकले अनुसूची- १ बमोजिमको ढाचाँमा परिचय -पत्र प्राप्तिका लागि सबै पुष्टयाई गर्ने कागजातहरु २(दुई) प्रति समावेश गरी निवेदन दिनुपर्ने छ।

(ख) निवेदकले सरकारी स्वामित्वको स्वास्थ्य संस्थाबाट जारी भएको अपाङ्गता खुलेको सिफारिस पत्र समेत समावेश गर्नुपर्नेछ।

(ग) दरखास्तमा आफ्नो नाम, स्थायी ठेगाना, उमेर, पासपोर्ट साईजको ( सम्भव भएसम्म अपाङ्गता देखिने गरी खिचिएको ) फोटो, अशक्तताको गाम्भीर्यताको अवस्था र शरीरका अंगहरुले काममा आएको समस्या दैनिक क्रियाकलापमा हुने सिमितताहरुको विवरण संलग्न हुनुपर्ने छ। यस प्रयोजनको लागि जन्मदर्ता प्रमाणपत्र वा नागरिकताको प्रमाण-पत्र वा जग्गा धनी प्रमाण पुर्जा वा शैक्षिक योग्यताको प्रमाण-पत्र वा मतदाता परिचय पत्र वा अपाङ्गता सम्बन्धी कार्य गर्ने संघ-संस्थाले गरेको सिफारिस मध्ये कुनै एक वा यस्तै विश्वस्त हुन सक्ने आधार दिने अन्य प्रमाणित लिखतलाई आधार मानिने छ।

(घ) रित पुगि आएको निवेदनमा वडा कार्यालयले निवेदन प्राप्त भएको मितिले बढीमा तिन दिनभित्र निवेदकले पेश गरेका कागजातहरु एक प्रति कार्यालयमा राखि वडा कार्यालयको सिफारिस सहित एक प्रति गाँउपालिकामापठाउनु पर्दछ।

(ङ) सम्बन्धित व्यक्तिले पेश गरेको निवेदन उपर कुनै कागजात वा प्रमाण नपुगि परिचय-पत्रका लागि सिफारिस गर्न उपयुक्त नदेखिएमा सो व्यहोरा निवेदकलाई जानकारी दिनु पर्दछ।

(च) वडा कार्यालयले सिफारीस गर्न नसकिने भनी दिएको जानकारी निवेदकलाई चित्त नबुझे सुचना पाएको १५ दिन भित्रमा गाँउपालिकासमक्ष निवेदन दिन सक्नेछ।

(छ)) यसरी प्राप्त भएको निवेदन समेत समावेश राखि समिति समक्ष पेश गर्नु पर्दछ। निवेदकले पेश गरेका कागजात र अन्य सम्भाव्य तथ्य प्रमाणका आधारमा निजले परिचय-पत्र पाउने देखियो भने समन्वय समितिले निर्णय गरेमा निजलाई परिचय पत्र वितरण गरी त्यसको जानकारी निवेदक तथा वडा कार्यालयलाई समेत दिनु पर्दछ।

(ज) परिचय पत्रका लागि सिफारिस गर्न कुनै कठिनाई परेमा वडा कार्यालयले चिकित्सक /विशेषज्ञ वा अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधीसँग राय परामर्श लिन सक्नेछ।

(झ) सामान्यतया अपाङ्गता भएका व्यक्ति स्वयंले आफ्नो परिचय पत्र बुझिलिनु पर्दछ।अति अशक्त वा पूर्ण अशक्त अपाङ्गता भएको कारणले परिचय - पत्र बुझिलिन आउन नसक्ने भएमा वडा कार्यालयको सिफारिसमा परिवारको सदस्य, संरक्षक वा निजको बसोबास भएको ठाँउको गाँउपालिकाको पदाधिकारीले निजलाई बुझाउने गरि बुझिलिन सक्नेछन्।

(ञ) परिचय -पत्र प्राप्त व्यक्तिहरुको वर्गीकृत लगत गाँउपालिकाले कम्प्युटराइज्ड गरि आफ्नो कार्यालयमा राखी चौमासिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनेछ।

(ट) समन्वय समितिले परिचय-पत्र दिन भनि ठहर गरेका व्यक्तिलाई गाँउपालिकाको कार्यालयले अनुसूची -२ बमोजिमको परिचय -पत्र (अपाङ्गता भएका व्यक्तिहरुलाई ) निःशुल्क उपलब्ध गराउनेछ ।

(ठ) परिचय पत्रमा गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षर हुनेछ । प्रचलित कानुनको अधिनमा रही अन्य अधिकृत कर्मचारीलाई समेत अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

(ड) प्रत्यक्ष रुपमा देखिने वा अवलोकन गर्न सकिने शारिरीक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षतिको हकमा परिचय पत्र प्रदान गर्ने अधिकारीले अवलोकन गरि तत्काल उपयुक्त परिचय पत्र उपलब्ध गराउन सक्नेछ ।

(ढ) ) प्रत्यक्ष रुपमा नदेखिने वा अवलोकन गर्न नसकिने शारिरीक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति भएका वा प्रष्ट रुपमा छुट्याउन समस्या भएका अपाङ्गता भएका व्यक्तिका हकमा समन्वय समितिमा पेश गरि समितिको निर्णयको आधारमा परिचय पत्र वितरण गर्न सकिनेछ ।

**७.अन्य स्थानीय तहबाट परिचय पत्र वितरण गर्ने ।**

स्थानीय ठेगानामा बसोबास नभएका र विभिन्न अवरोध तथा शारिरीक वा मानसिक अवस्थाको गम्भीर्यताको कारण आफनो स्थायी बसोबास भएको स्थानको सम्बन्धित स्थानीय तहबाट परिचय पत्र नलिएको सुनिश्चित भएमा दफा ५ को प्रक्रिया पुरा गरी परिचय पत्र प्रदान गरेर सम्बन्धित स्थानीय तहलाई जानकारी गराउन सकिनेछ ।

**८. प्रतिलिपी सम्बन्धी व्यवस्था ।**

(१) परिचय पत्र हराई ,नासिइ वा बिग्रिई परिचय पत्रको प्रतिलिपी लिनु पर्ने भएमा आफ्नो स्थायी ठेगाना भएको वडा कार्यालयमा यथार्थ विवरण र कारण खुलाई सिफारिसका लागि निवेदन दिनु पर्दछ ।

(२) वडा कार्यालयले सबै व्यहोरा बुझि निवेदकको माग मनासिव देखिएमा परिचय पत्रको प्रतिलिपी उपलब्ध गराउन प्राप्त निवेदन तथा अन्य कागजातको प्रतिलिपि वडा कार्यालयमा राखि निवेदकले पेश गरेको सक्कल कागजात सहित सिफारिस गरि गाँउपालिकमा पठाउनु पर्दछ ।

(३) गाँउपालिकाले सिफारिस सहित प्राप्त भएको निवेदन अपाङ्गताको प्रकृति अनुसार सोझै वा समन्वय समितिमा पेश गरि समितिको निर्णय बमोजिम अपाङ्गता परिचय-पत्रको प्रतिलिपि निःशुल्क उपलब्ध गराउनेछ ।

(४) प्रतिलिपीका लागि प्राप्त भएको निवेदनका विषयमा सो परिचय पत्र बाहक व्यक्तिले पहिले प्राप्त गरेको परिचय पत्रमा हेरफेर गर्नुपर्ने देखिएमा समितिमा पेश गरि सो समितिबाट प्राप्त निर्देशन अनुसार गर्नुपर्दछ ।

**९. यस ऐनको प्रतिकुल कार्य भएमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम सजाय हुनेछ ।**

**१०. अभिलेख सम्बन्धी व्यवस्था ।**(१) सम्बन्धित वडा कार्यालयले आफ्नो क्षेत्रमा भएका कुल अपाङ्गता भएका व्यक्तिहरु तथा अपाङ्गता भएका व्यक्तिहरु मध्ये परिचय पत्र पाएका व्यक्तिहरुको अपाङ्गताको प्रकृति र गाम्भीर्यता लगायत अन्य आवश्यक विवरण खुल्ने गरि नियमित रुपमा अद्यावधिक गरि त्यसको

चौमासिक विवरण तयार गरि नियमित रुपमा गाँउपालिकाको जिल्ला समन्वय समितिलाई समेत पठाउनुपर्दछ ।

(२) अपाङ्गता भएका व्यक्तिहरुमध्ये परिचय पत्र पाएका व्यक्तिहरुको अभिलेख राखी त्यसको प्रतिवेदन प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइनेछ ।

## परिच्छेद -५

## विविध

**११) विविध:** (१) गाँउपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका विकट तथा दुर्गम वडाहरुमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता परिचय पत्र लगायतका सेवा सरल तरिकाले उपलब्ध गराउन आवश्यकता अनुसार घुम्ती शिविर संचालन गर्न सक्नेछ ।

(२) यो ऐन लागु हुनु अगाडि प्राप्त गरेको अपाङ्गता परिचय- पत्र गाँउपालिकामा बुझाई यो ऐन जारी भएको मितिले १ वर्ष भित्रमा यस ऐन बमोजिमको परिचय पत्र लिनुपर्नेछ ।

(३) यस ऐन भएको प्रावधान अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन र अन्य प्रचलित कानुन सँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(४) अपाङ्गता परिचय पत्र वितरण सम्बन्धमा यस ऐनमा उल्लेख नभएको विषयमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

**१२. नियम बनाउन सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाँउ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई जारी गर्न सक्नेछ ।

अनुसूची १

**अपाङ्गता भएका व्यक्तिको परिचय - पत्र पाउनको लागि दिने निवेदनको ढाँचा**

श्री संयोजकज्यू
अपाङ्गता परिचय पत्र समन्वय समिति
लिखुपीके गाँउपालिका,

विषयः परिचय- पत्र पाउँ ।

महोदय,

म अपाङ्गता भएका व्यक्तिको परिचय - पत्र पाउन योग्य भएकोले निम्न लिखित विवरण राखि परिचय पत्र पाउन यो निवेदन पेश गरेका छु। मैले पेश गरेको विवरण ठीक साँचो छ। झुठ्ठा ठहरेमा प्रचलित कानुन बमोजिमको सजाय भोग्न मञ्जुर छ।

१ नाम, थर......................... .................................. उमेर.............................. लिङ्ग

२. प्रदेश एक

३ ठेगाना:

क) स्थायी ठेगाना: लिखुपीके गाँउपालिका वडा नं ............. टोल..........................

(ख) अस्थायी ठेगाना: लिखुपीके गाँउपालिका वडा नं ............. टोल......................

सम्पर्क टेलिफोन नं वा मोवाइल नं .................

४. संरक्षक/ अभिभावकको नाम ,थर:..........................................................

५. संरक्षक/ अभिभावकको टेलिफोन नं :.................

६ नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार अपाङ्गताको प्रकार.................

७. नेपाल सरकारको परिभाषा र बर्गीकरण अनुसार अशक्तताको आधारमा अपाङ्गताको प्रकार........................................................

८. शरिरको अंग, संरचना ,प्रणालीमा आएको क्षतिको विवरण...................................

९. क्षति भएपछि दैनिक क्रियाकलापमा आएको अवरोध वा सिमितिताको विवरण ................

१०.अपाङ्गताको कारण उपयुक्त स्थानमा चिनो लगाउनुहोस् ।

क) रोगको दीर्घ असर    ख) दुर्घटना    ग) जन्मजात

घ) सशस्त्र द्वन्द्ध    ङ) वंशानुगत कारण    च) अन्य:

११) सहायक सामग्री प्रयोग गर्नुपर्ने आवश्यकता भएको वा नभएको : उपयुक्त स्थानमा चिनो लगाउनुहोस्

क) भएको    ख) नभएको

१२. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक समाग्रीको प्रयोग गर्नुपर्ने हुन्छ। ...........................

१३. सहायक सामाग्री प्रयोग गर्ने गरेको/नगरेको (उपयुक्त स्थानमा चिनो लगाउनुहोस)

क) गर्ने गरेको    ख) गर्ने नगरेको

१४. सहायक सामाग्री प्रयोग गर्ने गरेको भए सामाग्रीको नाम:........

१५.अन्य व्यक्तिको सहयोग विना आफ्ना कस्ता कस्ता दैनिक कार्य गर्न सक्नुहुन्छ ?

क) ............................. ख)............................ ग) ............................

घ) ....................ङ) ........................... च) ........................

१६. अन्य व्यक्तिको सहयोग लिनुहुन्छ भने कुन कुन कामको लागि लिनुहुन्छ ?

क) .................... ख) ............................... ग)..............................

घ)......................ङ)............................. च) ...............

१७. पछिल्लो शैक्षिक योग्यता क)प्राथमिक तह ख) निम्न माध्यामिक तह

ग) माध्यामिक तह  घ) उच्च माध्यामिक तह

ङ) स्नातक तह  च) स्नातकोत्तर तह छ) विद्यावारिधी तह

१८. कुनै तालिम प्राप्त गर्नुभएको भए मुख्य तालिमहरुको नाम लेख्नुहोस्।

..........................................................................................................

१९. हालको पेशा:

क) अध्ययन: ख) कृषि व्यवसाय  ग) स्वरोजगार  घ) अध्ययन

ङ) सरकारी सेवा  च) निजी क्षेत्रमा सेवा  ज) केही नगरेको  झ) अन्य

**निवेदक/संरक्षकको नामथर.............**

ठेगाना......................................

दस्तखत.....................................

अनुसूची- २
अपाङ्गता भएका व्यक्तिको परिचय -पत्रको ढाँचा
लिखुपीके गाँउपालिका
कोशी प्रदेश
निशाना छाप

परिचय-पत्र नं :
परिचय - पत्रको प्रकार
अपाङ्गता परिचय -पत्र
१) नामथर: ..............
२) ठेगाना: प्रदेश: १ नंप्रदेशजिल्ला : सोलुखुम्बु स्थानीय तह: लिखुपीके गाँउपालिका
३) जन्ममिति: ....................................४) नागरिकता नम्बर:
५) लिङ्ग .......................६) रक्त समुह:...............
७) अपाङ्गताको किसिम: प्रकृतिका आधारमा ............................ गाम्भिर्यता....................
८) बाबु/आमा वा संरक्षकको नामथर:.........................................................
९) परिचय -पत्र बाहकको दस्तखत:
१०) परिचय-पत्र प्रमाणित गर्ने अधिकारी :...........................

नामथर:................................
हस्ताक्षर:...............................
पद:..........................
मिति:..........................
"यो परिचय पत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालय वा स्थानीय तहमा बुझाइदिनुहोला"

**Annex 3**
Disability Identity Card
Likhupike Ruralmunicipality
Koshi Province
Stamp

ID Card Number:
ID Card Type:
Disability Identity Card
1) Full Name of Person:
2) Adderess: Province: Province No. 1, District: Solukhumbu, Local level: Likhupike Ruralmunicipality
3) Date of Birth:.........................4) Citizenship Number:..............
5) Sex:............................6) Blood Group:.......................
7) Types of Disability:On the Basis of Nature.......................... On the basis of severity.................
8) Father Name/Mother Name of Guardian ........................
9) Signature of ID Card Holders......................
10) Approved by ........................
Name:...............
Signature.......................
Designation:..................
Date:.....................
If somebody finds this ID card, please deposit this in the nearby police station or municipality Office.

आज्ञाले,
ज्ञानु कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत

+ पहिलो संशोधनद्वारा थप गरिएको।
* दोस्रो संशोधनद्वारा थप गरिएको।